**Kwholasothar Rural Municipality**
**Office of Rural Municipal Executive**
**Maling, Lamjung**
**Gandaki Province, Nepal**

# Invitation for Bids

गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**First Date of publication: 26th September 2022 (2079/06/10)**

1. The Kwholasothar Rural Municipality has allocated funds toward **following project** and intends to apply the funds for Road/Building. Bid is open to all eligible bidders.
2. The Kwholasothar Rural Municipality invites only electronic bids from bidders for the **following project**.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kwholasothar Rural Municipality, Maling, Lamjung or may visit E-procurement section of PPMO's e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically through e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 11:00Hrs on 1st November 2022 (2079/07/15). Bids received after this deadline will be rejected.
6. Bidder shall be required to deposit the cost of bidding document fee (as specified in the table below) and scanned copy (PDF format) of the Bank deposit voucher should be submitted along with the electronic submission of the bid files.
7. All bids shall be accompanied by a Bid Security for the amount as specified in the table. Bidders are required to submit a separate bid security guarantee issued only by the bank stated in Public Procurement Act and its Regulation with latest amendment shall be accepted by the Employer. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.

Information to deposit the cost of bidding document and Bid security in Bank:

| Bid Document Fee | Bid Security Fee |
|---|---|
| Bank: Civil Bank Limited, Maling | Bank: Civil Bank Limited, Maling |
| Office: Kwholasothar Rural Municipality | Office: Kwholasothar Rural Municipality |
| A/c Name. : Ga-1-1 Antarik Rajaswo khata | A/c Name. : Ga-3 Sthaniye Taha Dharauti Khata |
| A/c no.: 05710384873028 | A/c no.: 05710384873133 |

8. Electronic Bids will be opened in the presence of Bidders representatives who choose to attend at 12:00Hrs on 1st November 2022 (2079/07/15) at the office of Kwholasothar Rural Municipality, Maling, Lamjung.
9. Pre-bid meeting shall be held at Kwholasothar Rural Municipality, Maling, Lamjung on or before 11:00 Hrs on 21th October 2022 (2079/07/04).
10. The name and identification of the contract are as follow:

| S. N | Description of Works | Contract ID | Estimated Amount NRs (with PS and VAT) | Bid Security Amount | Bid Document Fee (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1. | Pasgaun-Bhujung Motorbato Nirman | 01-NCB/ROAD/KGP/2079/80 | 1,45,14,133.01 | 4,35,000.00 | 3,000.00 |
| 2. | Samudayik Swastha Ikai Bhawan Nirman | 02-NCB/BUILDING/KGP/2079/80 | 1,05,46,576.77 | 3,15,000.00 | 3,000.00 |
| 3. | Gilung Oda Karyalaye Bhawan Nirman | 03-NCB/BUILDING/KGP/2079/80 | 53,11,084.03 | 1,55,000.00 | 3,000.00 |

11. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason.
12. Matters not covered above shall be as per the latest amendment of Public Procurement Act and its Regulation.

*Chief Administrative Officer*

# आफुखुसी ब्याजदर बढाउने निर्णयविरुद्ध एक्सनमा उत्रिए अर्थमन्त्री

## ब्याजदर नियन्त्रण गर्न अध्ययन समिति

हरिप्रसाद अर्याल
काठमाडौं, ९ असोज

आफुखुसी ब्याजदर बढाउने बैंकहरुको निर्णयविरुद्ध अर्थमन्त्री जनार्दन शर्मा एक्सनमा उत्रिएका छन् । आफुखुसी बैंकहरुले १० प्रतिशतसम्म ब्याजदर वृद्धि गरेसँगै सरकारको आलोचना भइरहेका बेला मन्त्री शर्मा एक्सनमा उत्रिएका हुन् । शर्माले पछिल्लो आर्थिक अवस्थाबारे सुझाव दिन एक समिति नै बनाएका छन् ।

व्यवसायीहरुले बैंक ब्याजदरको विषयमा प्रश्न उठाइरहेका बेला अर्थमन्त्री शर्माले अर्थ मन्त्रालयको आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख बाबुराम सुवेदीको संयोजकत्वमा कमिटि गठन गरेका छन् । सुवेदीको संयोजकत्वमा गठित समितिमा राष्ट्र बैंकबाट १ जना, बैंकर्स संघबाट २ जना, आपूर्ति मन्त्रालयबाट १ जना, एफएनसीसीआई, सीएनआई र चेम्बरबाट १/१ जना र आपूर्ति मन्त्रालयबाट १ जना प्रतिनिधि रहने छन् । त्यस्तै, अर्थमन्त्रालयको उपसचिव सदस्य सचिव रहने छन् ।

यसअघि आइतबार नै मुलुकको वर्तमान आर्थिक अवस्था, बैंकिङ क्षेत्र, तरलता, ब्याज दरलगायतका विषयमा अर्थमन्त्रालय र राष्ट्र बैंकबीच छलफल भएको थियो । दुवै निकायले प्रस्तुतीसमेत दिएका थिए ।



अर्थमन्त्री शर्माले निजी क्षेत्रका प्रतिनिधि, राष्ट्र बैंकका प्रतिनिधि र योजना आयोगका प्रतिनिधि राखेर आइतबार छलफल गरेका छन् । छलफलपछि समिति बनाउने निर्णय भएको हो । राष्ट्र बैंकबाट डेपुटी गभर्नर बमबहादुर मिश्र सहभागी थिए ।

बैठकमा अर्थमन्त्री शर्माले मुलुकको अर्थतन्त्रमा देखिएको चापलाई सबै मिलेर समाधान गर्नुपर्ने धारणा राखेका थिए । अर्थतन्त्रमा देखिएको असहजता कुनै एक निकायको मात्र समस्या नभएर समग्र मुलुकको समस्या भन्नुहुँदै यसमा कसैलाई दोष लगाएर पन्छिन नहुने उनको भनाइ थियो ।

"यो समस्याको समाधान सबै पक्ष बसेर छलफल गरी समाधानको उपाय निकाल्नुपर्छ", उनले भनेका छन्, "कुनै एकलाई दोष लगाएर होइन, मिलेर जानुपर्छ ।"

अर्थमन्त्री शर्माले निक्षेपको ब्याज उच्च हुँदा त्यसले उत्पादकत्व नबढाउने भन्दै ब्याज घटाउनेबारे आवश्यक काम गरिने बताइरहेका थिए ।

असोज १ गतेदेखि बैंकहरुले निक्षेपको ब्याज बढाएपछि अर्थमन्त्री शर्मा असन्तुष्ट बनेका थिए । राष्ट्र बैंकको उक्साहटमा ब्याज बढाइएको अर्थमन्त्रालयको बुझाइ छ ।

राष्ट्र बैंकले मौद्रिक नीतिमा अधिकांस दरहरु बढाएर बैंकहरुलाई ब्याजमाथि लैजान दवाब दिएको थियो । बैंकहरुले केही समय ब्याजदरलाई स्थिर राखे पनि असोज १ गतेबाट भने बढाउने निर्णय गरेका छन् ।

साधारण मुद्दतिको ब्याजदर ११.०३ प्रतिशतबाट बढेर १२.१३३ प्रतिशत पुगेको छ । बचतको ब्याज दर दोहोरो अंकमा पुगेको छ । रेमिटेन्स मुद्दति निक्षेपको ब्याज १५.१३ प्रतिशत पुगेको छ ।

निक्षेपको ब्याजदर बढ्दा आधारदर वृद्धि भएर ऋणको पनि बढ्छ । बैंकहरुले निक्षेपमै १२ प्रतिशतमाथि दिन थालेपछि अर्थतन्त्रको लागत बढ्छ । उत्पानशील क्षेत्रमा लगानी गर्नुभन्दा बैंकमा पैसा थुपार्ने क्रम बढ्छ । एक हिसाबले अर्थतन्त्र निस्कृय जस्तो हुन्छ र मन्दी छाउँछ ।

राष्ट्र बैंकले भने सन्सारभरीका केन्द्रीय बैंकले ब्याज बढाएर मूल्य वृद्धि नियन्त्रण गर्न खोजिरहेको तर्क अगाडि सार्दै ब्याज बढाउन दवाब दिएको छ । यसै सन्दर्भमा बैंकहरुको छाता संगठनले ६ महिनादेखि सिन्डिकेटमार्फत स्थिर राखेको ब्याज दर खुला गरेका थिए ।

लगत्तै बैंकहरुले ब्याज बढाएका हुन् । बैंकहरुले ब्याज बढाएपछि नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्सले खुलेर विरोध गरेका छन् । उनीहरुले ब्याज दर वृद्धिको निर्णय फिर्ता लिन भनेका छन् भने ब्याज घट्ने वातावरण बनाउन सरकार र राष्ट्र बैंकसँग माग गरेका छन् ।

# राष्ट्रिय वाणिज्यको पिओएस र क्युआर प्रयोग गर्दा क्यासब्याक

**काठमाडौं/मस-** राष्ट्रिय वाणिज्य बैंकले दशै, तिहार, नेपाल सम्वत र छठ पर्वका लागि विद्युतीय कारोबारलाई प्रोत्साहन गर्ने अफर ल्याएको छ । बैंकले पिओएसको माध्यमबाट हुने कारोबारमा प्रति कारोबार एक हजार रुपैयाँ वा सो भन्दा बढीको कार्ड स्वाइप गर्दा क्यास ब्याकको अफर ल्याएको जनाएको हो ।



बैंकको कार्डबाट वा पिओएस मेसिन प्रयोग गरी रकम भुक्तानी गर्दा कारोबारमा क्यास ब्याक पाइने बैंकले जनाएको छ । यसअन्तर्गत तीनदेखि पाँच पटकको कार्ड स्वाइपमा ५ प्रतिशत वा अधिकतम क्यास ब्याक पाँच सय पाइने बताइएको छ ।

यसैगरी ६ देखि १० पटकको कार्ड स्वाइपमा १० प्रतिशत वा अधिकतम ७५० रुपैयाँ र १५ पटकको कार्ड स्वाइपमा अधिकतम १५ प्रतिशत वा एक हजारमध्ये जुन कम हुन्छ सो बराबरको कारोबार रकम क्यास ब्याक हुने जारी विज्ञप्तीमा उल्लेख छ । बैंकले यो योजना असोज १० गतेदेखि कार्तिक १३ गतेसम्म लागू हुने जनाएको छ ।

यसैगरी असोज ७ देखि १४ गतेसम्म तथा कार्तिक २ देखि ६ गतेसम्म बैंकको मोबाइल बैंकिङ प्रयोग गरी क्युआर कोड स्क्यान गरी भुक्तानी गर्दा कुल कारोबार रकमको १० प्रतिशत वा एकसय रुपैयाँमध्ये जुन कम हुन्छ सोही रकम क्यास ब्याक हुने बताइएको छ ।

# रानीघाटमा नबिलको शाखारहित बैंकिङ सेवा

**सुर्खेत/मस-** नबिल बैंकले सुर्खेतको बराहताल, रानीघाटमा पहिलो शाखारहित बैंकिङ सेवाको सुरुवात गरेको छ । बराहताल गाउँपालिकाका अध्यक्ष भिमबहादुर भण्डारी र बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत सुजित कुमार शाक्यले संयुक्तरुपमा एकैसाथ प्रतिनिधि मनोज कुमार थापालाई बिएलबि मेसिन र प्रमाण पत्र हस्तान्तरण गरेर शाखारहित बैंकिङ सेवाको सुरुवात गरेका थिए ।



कार्यक्रमका गाउँपालिका अध्यक्ष भण्डारीले बैंकको शाखारहित बैंकिङ सेवाले नागरिकमा वित्तीय पहुँच पुर्‍याउन सहयोग गर्ने बताए । उनले बैंकहरुको सेवाले गाउँ ठाउँमा विकासको लहर ल्याउने बताए । कार्यक्रममा बोल्दै बैंक वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत शाक्यले बैंक देशको हरेक ग्रामीण भेगमा वित्तीय पहुँच पुर्‍याउन हरदम तत्पर रहेको बताए ।

शाखारहित बैंकिङ सेवामार्फत् खाता खोल्न, खातामा नगद जम्मा तथा भुक्तानी गर्न, रकमान्तर गर्न, ग्राहकको खातामा रहेको रकमको सोधपुछ साथै कारोबारको संक्षिप्त विवरण हेर्न, विप्रेषण भुक्तानी गर्न, कर्जा रकम भुक्तानी गर्न तथा किस्ता रकम जम्मा गर्न साथै विभिन्न सेवाहरुको भुक्तानी गर्न सकिने जनाएको छ । नबिल बैंकले दिगो बैंकिङ कार्यक्रमअन्तर्गत देशका विभिन्न ठाउँहरुमा वित्तीय पहुँच पुर्‍याउने र डिजिटाइजेशनलाई बढावा दिने उद्देश्यले शाखारहित बैंकिङ सेवाको सुरुवात गरेको जनाएको छ ।

# मंगलम् पाइप्सका कर्मचारीले पाए टिभीदेखि ४ तोलासम्मको सुन

**काठमाडौं/मस-** नेपालको सिपिभिसि पाइप्स र फिटिङ्स् उत्पादक कम्पनी मंगलम् पाइप्सले काठमाडौंमा बृहत टेक्निस्यन मिट भव्यताका साथ सम्पन्न गरेको छ ।



शुक्रबार दिउँसो ४०० भन्दा बढी प्लम्बर टेक्निसियनहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न गरिएको हो । अघिल्लो आर्थिक वर्ष उत्कृष्ट व्यवसाय गर्ने प्लम्बर टेक्निसियनहरुलाई कम्पनीले उपहार प्रदान गरी सम्मान गरेको छ ।

कार्यक्रममा उपहार वितरण मुख्य आकर्षणको रुपमा रहेको थियो । कम्पनीले उत्कृष्ट काम गर्नेमध्ये टार्गेट स्ल्याब अनुसार ३२ इन्चको स्मार्ट टिभि १७ जनालाई, ब्राण्डेड ल्यापटप ११ जनालाई, एक तोला सुन ३६ जनालाई, डिस्कभर १२५ सिसी बाइक ८ जनालाई, पल्सर १५० सिसी बाइक ४ जनालाई, पल्सर २२० सिसी ३ जनालाई र बम्परमा ४ तोला सुन ८ जनालाई प्रदान गरिएको थियो ।

कार्यक्रममा मंगलम् पाइपका प्रबन्ध निर्देशक अभिनव चुरिवालले उपहार हस्तान्तरण गरेका थिए ।

# कामना सेवाद्वारा चाडपर्व अफर सार्वजनिक

**काठमाडौं/मस-** कामना सेवा विकास बैंकले आफ्ना फोन पे क्युआर ग्राहकहरुलाई चाडपर्वको अवसरमा विशेष अफर सार्वजनिक गरेको छ । आइतबार बैंकले आफ्ना फोन पे क्युआर ग्राहकहरुलाई लक्षित गरी आकर्षक छुट अफर ल्याएको हो । बैंकले असोज ९ देखि यो अफर लागु हुने जनाएको छ ।




"यस चाडपर्व लाईफ इजी बनाऔं, नगद छोडौं फोन पे गरौं" भन्ने नाराका साथ क्युआर ग्राहकहरुले क्युआर प्रयोग गरी भुक्तानी गरेमा भुक्तानी रकमको १०% वा रु १००/- सम्म छुट प्राप्त गर्न सक्ने उल्लेख छ ।

साथै फोन पेबाटबाट डिजिटल भुक्तानी गर्दा ग्राहकहरुले हरेक दिन १ लाखसम्म जित्न सक्नेछन् । साथै फोन पेबाट भुक्तानी लिंदा व्यवसायीहरुले हरेक दिन स्मार्ट फोन जित्न सक्नेछन् । ग्राहकहरुले यो लक्की ड्रमा सहभागी हुन फोन पे अफरमा गई फेस्टिभ च्यालेन्ज असेप्ट गर्नुपर्नेछ ।

# खल्तीको 'खल्तीफुल दशैं' अफर सार्वजनिक

**काठमाडौं/मस-** भुक्तानी सेवाप्रदायक खल्तीले 'खल्तीफुल दशैं' अफर सार्वजनिक गरेको छ । दशैं, तिहार र छठको अवसरमा उक्त अफर ल्याएको हो ।

खल्तीले युनियन पेको क्युआर तोकिएको आउटलेटमा खल्तीमार्फत स्क्यान गर्दा १० प्रतिशत क्यासब्याक प्राप्त गर्ने जनाएको छ ।

जस अनुसार गोल्ड स्टार ब्रान्ड खरिदमा २५० रुपैयाँसम्म, बिग डिजिटल ब्रान्डमा ५ सयसम्म, स्केचर्स ब्रान्डमा २५० सम्म, बलेनो ब्रान्डमा २ सयसम्म र साथीमार्टका उत्पादनमा २ सय रुपैयाँसम्म पैसा फिर्ता मिल्ने खल्तीले जनाएको छ । खल्तीका अनुसार यो योजना आगमी कार्तिक १४ गतेसम्म लागू हुने छ ।

## चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## Kwholasothar Rural Municipality

### Office of Rural Municipal Executive

Maling, Lamjung
Gandaki Province, Nepal

### Invitation for Bids

**First Date of publication: 26th September 2022 (2079/06/10)**

1. The Kwholasothar Rural Municipality has allocated funds toward following project and intends to apply the funds for Road/Building. Bid is open to all eligible bidders.
2. The Kwholasothar Rural Municipality invites only electronic bids from bidders for the following project.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kwholasothar Rural Municipality, Maling, Lamjung or may visit E-procurement section of PPMO's e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically through e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 11:00Hrs on 1st November 2022 (2079/07/15). Bids received after this deadline will be rejected.
6. Bidder shall be required to deposit the cost of bidding document fee (as specified in the table below) and scanned copy (PDF format) of the Bank deposit voucher should be submitted along with the electronic submission of the bid files.
7. All bids shall be accompanied by a Bid Security for the amount as specified in the table. Bidders are required to submit a separate bid security guarantee issued only by the bank stated in Public Procurement Act and its Regulation with latest amendment shall be accepted by the Employer. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the cost of bidding document and Bid security in Bank:**

| Bid Document Fee | Bid Security Fee |
|---|---|
| Bank: Civil Bank Limited, Maling | Bank: Civil Bank Limited, Maling |
| Office: Kwholasothar Rural Municipality | Office: Kwholasothar Rural Municipality |
| A/c Name. : Ga-1-1 Antarik Rajaswo khata | A/c Name. : Ga-3 Sthaniye Taha Dharauti Khata |
| A/c no.: 05710384873028 | A/c no.: 05710384873133 |

8. Electronic Bids will be opened in the presence of Bidders representatives who choose to attend at 12:00Hrs on 1st November 2022 (2079/07/15) at the office of Kwholasothar Rural Municipality, Maling, Lamjung.
9. Pre-bid meeting shall be held at Kwholasothar Rural Municipality, Maling, Lamjung on or before 11:00 Hrs on 21th October 2022 (2079/07/04).
10. The name and identification of the contract are as follow:

| S.N | Description of Works | Contract ID | Estimated Amount NRs (with PS and VAT) | Bid Security Amount | Bid Document Fee (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1. | Pasgaun-Bhujung Motorbato Nirman | 01-NCB/ROAD/ KGP/2079/80 | 1,45,14,133.01 | 4,35,000.00 | 3,000.00 |
| 2. | Samudayik Swastha Ikai Bhawan Nirman | 02-NCB/BUILDING/ KGP/2079/80 | 1,05,46,576.77 | 3,15,000.00 | 3,000.00 |
| 3. | Gilung Oda Karyalaye Bhawan Nirman | 03-NCB/BUILDING/ KGP/2079/80 | 53,11,084.03 | 1,55,000.00 | 3,000.00 |

11. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason.
12. Matters not covered above shall be as per the latest amendment of Public Procurement Act and its Regulation.

**Chief Administrative Officer**

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ